जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ५२ २०८२ साल असोज २ गते बिहीबार (18 Sep 2025 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विज्ञान, प्रविधि र ... ३ पृष्ठमा : "निकै जतन गरी ... ३ पृष्ठमा : गाजाबाट करिब ४८ हजार ...

# जेनजी आन्दोलनका क्रममा सहिद भएकाहरुको सम्मानमा दिप प्रज्वलन



**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

जेनजी आन्दोलनका क्रममा सहिद भएकाहरुको सम्मानमा राजविराजमा बुधबार दिप प्रज्वलन गरिएको छ ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरी, संघीय लोकतान्त्रिक मोर्चा जिल्ला समिति सप्तरीसहितका विभिन्न संघसंस्थाले जेनजी आन्दोलनका सहिदहरुको सम्मानमा दिपप्रज्वलन गरेको हो ।

नेपाल पत्रकार महासंघ सप्तरीको आयोजनामा महासंघका कार्यालय अगाडि मौनबती बालेर जेनजी सहिदहरुको सम्मानमा श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, आम संचार प्राधिकरण मधेस प्रदेशका पूर्व अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष वैजनाथ झा, प्रेस काउन्सीलका पूर्व सदस्य देवराम यादव, पत्रकार आवद्ध विभिन्न संघसंस्थाका पदाधिकारी तथा प्रतिनिधिलगायतका राष्ट्रिय तथा स्थानीय मिडियामा आबद्ध पत्रकारहरुको उपस्थिति रहेको थियो ।



यसैगरी संघीय लोकतान्त्रिक मोर्चा सप्तरीको आयोजनामा जेनजी सहिदहरुको सम्मानमा दिपप्रज्वलन गरिएको छ ।

राजविराजस्थित गजेन्द्र चौकमा भेला भएका संघीय लोकतान्त्रिक मोर्चा आवद्ध नेताकार्यकर्ताले गजेन्द्रनारायण सिंहको शालिक अगाडि मैनवती बालेर श्रद्धाञ्जली दिएपछि मैनवती बालेर पैदलले नेता चौकमा पुगेर दिप प्रज्वलन गरेका थिए ।

उक्त अवसरमा मोर्चा आवद्ध केन्द्र, प्रदेश र जिल्लाका नेताकार्यकर्ता तथा विभिन्न भातृसंगठनका महिला, युवा विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

जेनजी विद्रोहका सहिदहरुको स्मृतिमा सरकारले बुधबार राष्ट्रिय शोक घोषणा गरि सार्वजनिक विदा घोषणा गरि राष्ट्रिय झण्डा झुक्याएर शोक दिवस मनाउने निर्णय गरेको थियो ।

गत भदौ २३ गते जेनजी आन्दोलनका क्रममा प्रहरीले गोली प्रहार गर्दा १९ जना तथा उपचारको क्रममा गरि ७४ जनाको मृत्यु भएको थियो ।

# जनमतका अध्यक्ष र संगठन विभाग प्रमुखलाई राजीनामा दिन अल्टिमेटम

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

जनमत पार्टीभित्र नेतृत्व परिवर्तनको बहस सुरु भएको छ । पार्टीका वरिष्ठ नेताहरूले अध्यक्ष डा. सी.के. राउत र संगठन विभाग प्रमुख डा. जयकान्त राउतलाई पदबाट राजीनामा दिन २४ घण्टे अल्टिमेटम दिएका छन् ।

पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खान, केन्द्रीय प्रवक्ता डा. शरद सिंह यादव, जनमत युवा संघका संयोजक संजय कुमार यादवसहितका शीर्ष पदाधिकारीहरूले संयुक्त रूपमा राजीनामा माग गर्दै एक पत्र जारी गरेका छन् ।

पत्रमा उनीहरूले जेनजी आन्दोलनपछि देशको राजनीतिक अवस्थामा आएको परिवर्तनलाई ध्यानमा राख्दै पार्टीभित्र पनि शुद्धीकरण आवश्यक भएको बताएका छन् ।

उनीहरूका अनुसार, पछिल्लो समय पार्टीको कमजोर कार्यशैली, पारदर्शिताको अभाव र जनभावनाविपरीतका गतिविधिका कारण पार्टी आफ्नो मूल उद्देश्यबाट विचलित भएको छ ।

जनमत पार्टीलाई थप सशक्त, लोकतान्त्रिक र जनताप्रति जवाफदेही बनाउन नयाँ नेतृत्व अनिवार्य रहेको उनीहरूको भनाइ छ । यस कदमले जनमत पार्टीभित्रको आन्तरिक विवाद सतहमा आएको छ, जसको असर पार्टीको भविष्यमा देखिने अनुमान गरिएको छ ।

यसैबीच, उनीहरूले पार्टीका सबै नेता, कार्यकर्ता र सदस्यलाई पुनर्गठन र सुदृढीकरणमा सक्रिय भूमिका खेल्न पनि आग्रह गरेका छन् ।

# देखिएन विश्वकर्मा पूजाको रौनक

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

यस पटक राजविराजमा विश्वकर्मा पूजाको रौनक देखिएन् । ब्यक्तीगत ढंगले केही यातायात व्यवसायी र यूवाहरुले विश्वकर्मा भगवानको मुर्ती स्थापना गरेर पुजापाठ गरे पनि विगत वर्षहरु जस्तो उत्साह र यस अवसरमा हुने विषेश मनोरंजन र सास्कृतिक जस्ता कार्यक्रमको आयोजना भएन ।

विश्वकर्मा पूजाको अवसरमा गरिने कार्यक्रमको तयारी चलिरहेकै वेला भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा मुलुकको अधिकाँश स्थानमा भएको तोडफोड र आगजनीबाट व्यापक जनधनको क्षती भएको थियो भने आन्दोलनकै क्रममा ७४ जनाको मृत्यु भएको छ । सरकारले आजको दिनलाई राष्ट्रिय शोकको रुपमा मनाउने घोषणा गरेका छन ।

राजविराज नगरपालिका कार्यालयको मात्रै ३० वटा सवारी साधन जलाइएको थियो । यसका अतिरिक्त सप्तरी जिल्ला अदालत, उच्च अदालत जनकपुर राजविराज इजलाश, नापी, हुलाक लगायतका कार्यालयहरुमा रहेका दर्जनौ सवारी साधनमा तोडफोड र आगजनी गरी कामै नलाग्ने अवस्थामा पुऱ्याइएको छ ।

वास्तु विद्याका विशिष्ट ज्ञाताका रुपमा समेत मानिने भगवान विश्वकर्माको राजविराज नगरपालिका कार्यालयले पनि विगतमा भब्यताका साथ पुजा आजा गर्दै आएको थियो । तर यस पटक भने सुनसान थियो ।

विश्वकर्मा पुजा भन्ने वित्तिकै यहाँका विभिन्न टोल, कलकारखाना यातायात व्यवसायी, मोटरग्यारेज तथा कतिपय कार्यालयमा समेत मुर्ती स्थापना र भब्य सजावटका साथ पुजापाठ गरी उत्साहका साथ मनाइने गरिन्थ्यो ।

यस अवसरमा पूजा

*बाँकी अन्तिम पृष्ठमा*

# सिरहामा क्षति भएका प्रहरी युनिट पुनःस्थापना

**दैनिक समाचारदाता**
**सिरहा, १ असोज ।**

जेनजी पुस्ताको प्रदर्शनका क्रममा क्षति भएका यहाँका प्रहरी युनिट पुनः आफ्नो नियमित सेवामा फर्कन थालेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार प्रदर्शनको दौरान क्षतिग्रस्त भएका १४ प्रहरी युनिटमध्ये १२ वटालाई पुनःसञ्चालनमा ल्याइएको छ । बाँकी रहेका फुलबरिया र बाह्रबिघा अस्थायी प्रहरी बिटहरू चाँडै पुनःस्थापना गरिने जनाइएको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार, हालसम्म इलाका प्रहरी कार्यालय गोलबजार, नरहा, विष्णुपुर, कल्याणपुर, प्रहरी चौकी बेल्हा, लगडीगोठ, लगडी गदियानी, सन्हैठा, औरही, हरकट्टी, र लहान प्रहरी बिट पुनः सञ्चालनमा ल्याइएका हुन् ।

उहाँका अनुसार, प्रदर्शनको क्रममा आठ वटा प्रहरी चौकीमा तोडफोड र १० वटा चौकीमा आगजनी भएको थियो । त्यसैगरी, प्रहरीले प्रयोग गर्दै आएका तीन वटा चारपाङ्ग्रे र ६ दुई पाङ्ग्रे सवारीसाधन क्षतिग्रस्त भएका छन् । तीन वटा मोटरसाइकल

*बाँकी अन्तिम पृष्ठमा*

**संविधान दिवस भव्य रुपमा मनाऔं ।**

- संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं,
- संविधानको महत्व बुझौं र बुझाऔं,
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकृतीका कारण पूजाको महत्व गुम्दै

नेपालमा प्रत्येक वर्ष असोज १ गते विश्वकर्मा पूजा मनाइने गरिन्छ । विश्वकर्मा, जसलाई 'देव शिल्पी' वा 'इन्जिनियरका देवता' भनेर मानिन्छ, उनको पूजा विशेषगरी उद्योग, व्यवसाय, कारखाना, मेकानिक, ग्यारेज, निर्माण व्यवसायमा संलग्नहरूले गर्ने परम्परा छ । यस दिन मेसिनरी, सवारीसाधन, औजार तथा हरेक उपकरणलाई पूजा गर्ने गरिन्छ ।

तर यस पटक भने पूजा खल्लो भएको छ । केही दिनअघि मात्र नेपालमा जेनजी आन्दोलनका कारण मुलुकको राजनीतिक अवस्था निकै कठिन र अर्थव्यवस्था समेत खराब भएकोले पूजा तडकभडकका साथ मनाइएन् । आन्दोलनका क्रममा ७४ जनाको मृत्यु भएकोले मुलुक शोकमा डुबेको छ । यसले पनि पूजा औपचारिकतामै सीमित बन्यो । हुन त पछिल्ला वर्षहरूमा पनि विश्वकर्मा पूजाको मूल उद्देश्य खल्लो बन्दै गएको थियो । पूजा भन्दा बढी धुमधाम, भोजभतेर र मनोरञ्जनमा यसको महत्व खुम्चिँदै गएको छ । परम्परागत औजार र पेशाप्रतिको श्रद्धा भन्दा पनि प्रदर्शनमुखी प्रतिस्पर्धाले पूजालाई मौलिकता भन्दा टाढा पुऱ्याएको छ ।

पूजामा अनावश्यक खर्च, मादक पदार्थको प्रयोग, जुवातासजस्ता विकृतिहरू बढ्ने गरेको पाइन्छ । तसर्थ यस्ता बिकृतीका कारण पूजाको धार्मिक, सांस्कृतिक र व्यावसायिक महत्व ओझेलमा पर्दै गएकोले आगामी दिनहरुमा यसप्रति ख्याल राख्नु अत्यन्त जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विज्ञान, प्रविधि र हाम्रो गन्तव्य

**कृष्ण अधिकारी**

काठमाडौँ, १ असोज (रासस) ।

आज राष्ट्रिय विज्ञान दिवस, यस दिनलाई राष्ट्रिय महत्वका साथ मनाउने प्रचलन नहुँदा धेरैलाई जानकारी नहुन सक्छ । हाम्रो जस्तो देशका लागि यो दिवसको सान्दर्भिकता निकै नै रहेको छ । यस वर्ष १३ औं विज्ञान दिवसको नारा 'विज्ञान तथा प्रविधि : विकास र उत्पादन वृद्धि' भन्ने रहेको छ । यस नाराले पनि विकास र उत्पादनलाई महत्व दिएको छ । यसका लागि नीति निर्मातादेखि तल्लो तहका जनतासम्म विज्ञान र प्रविधिमा सक्रिय सहभागिता सुनिश्चित गरी सबै वर्ग, समुदाय, पेसागत क्षेत्रमा विज्ञान तथा प्रविधिका क्षेत्रमा योगदान गराउन प्रेरित गरेको छ ।

हरेक देशको समुन्नति र विकासमा विज्ञान र प्रविधिको महत्वपूर्ण स्थान हुन्छ । विज्ञान र प्रविधिले मानव जीवनलाई दिएको योगदानको सम्मान गर्नुका साथै नयाँ पुस्तालाई वैज्ञानिक सोच, अनुसन्धान र नवप्रवर्तनप्रति प्रेरित गर्ने अवसर प्रदान गर्ने हुँदा अनुसन्धान र आविष्कारप्रति अभिरुची बढाउने विशेष दिनको रुपमा लिनुपर्ने हुन्छ । आजको विश्वव्यापीकरणको समयमा अन्तर्राष्ट्रियस्तरमा विज्ञान दिवसले विभिन्न देशबीच अनुसन्धान, आविष्कार र प्रविधि हस्तान्तरणमा सहकार्य बढाउने अवसरको रुपमा पनि लिन सकिन्छ । विज्ञान दिवस केवल स्मरणको दिन मात्र नभई समाजलाई आधुनिक, वैज्ञानिक र दिगो विकासको बाटोतर्फ अग्रसर गराउने प्रेरणादायी दिन हो भन्ने तथ्यलाई सबैले मनन् गर्न आवश्यक छ । विज्ञान र प्रविधिको उचित प्रयोगले नै राष्ट्रको उन्नति हुन सक्छ भन्ने बुझाइबाट प्रेरित भई विज्ञान, प्रविधि र नवप्रवर्तनलाई बढावा दिने र यसको महत्व नागरिकस्तरसम्म बुझाउनु आजको आवश्यकता हो ।

विज्ञान र प्रविधि आर्थिक विकास, स्वास्थ्य सेवा, सञ्चार, यातायात, ऊर्जा, कृषि, वातावरण संरक्षणलगायतका क्षेत्रमा आधारस्तम्भ भएकाले राज्यले यसलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । आज विश्वका जति पनि विकसित मुलुकहरू छन् तिनको समृद्धिको आधार भनेकै विज्ञान र प्रविधिमा उनीहरूले गरेको विकास नै हो । आज विश्वले नै वातावरणीय सङ्कट, जलवायु परिवर्तन, ऊर्जा सङ्कट र दिगो विकासजस्ता चुनौतीहरूसँग जुध्नु परेको छ । यी समस्याहरूको समाधान कुनै एक देशको प्रयासले मात्र सम्भव नहुने हुँदा विश्व समुदाय वैज्ञानिक उपायको खोजीमा लाग्न ढिला गर्नु हुँदैन । विज्ञान प्रविधिमा लगानी कुल गार्हस्थ उत्पादनको ०.३५ प्रतिशत मात्रै छ । सन् २०२५ मा नवप्रवर्तनको क्षेत्रमा नेपाल १०७ औं स्थानमा रहेको छ । दक्षिण एशियामा विज्ञान प्रविधिमा नेपाल निकै पछि छ । यसले हाम्रो अवस्थालाई चित्रण गर्दछ ।

नेपाली समाजमा अझै पनि चेतनाको कमी, अन्धविश्वास, कुसंस्कार र परम्परागत गलत धारणा कायमै रहेको छ । त्यस्ता गलत सोचलाई हटाएर वैज्ञानिक सोच र प्रमाणमा आधारित जीवनशैली अंगिकार गर्न सक्षम बनाउन आवश्यक छ । कुनै पनि देशको सामाजिक रूपान्तरण र आर्थिक विकासको प्रमुख कडी विज्ञान र प्रविधिलाई मानिन्छ । विज्ञान र प्रविधिलाई विस्तृत रुपमा नहेरी हाम्रो अवस्था र सन्दर्भसँग जोडेर हेर्नुपर्ने हुन्छ । हाम्रा अति नै मौलिक प्रविधिलाई संरक्षण गर्दै समयानुसार स्तरोन्नति गर्दै लैजानु आवश्यक छ । ठूला अनुसन्धान र विकास हामीले गर्न नसके पनि हाम्रै अनुभव, वास्तविकता र आवश्यकतासँग जोडेर हेर्ने हो भने यसले मुलुकको विकास र उत्पादनमा ठूलो परिवर्तन दिन सकिन्छ । देशका विभिन्न भागमा उपलब्ध प्राकृतिक सम्पदा, स्थानीय ज्ञान र सीपबाट सञ्चालन हुन सक्ने स-साना उद्योगले रोजगारी सिर्जना, उत्पादन र आर्थिक क्रियाकलाप बढाउन सकिन्छ ।

**संविधान कार्यान्वयनमा विज्ञान र प्रविधि**

नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै जारी भएको संविधान कार्यान्वयन भएको पनि १० वर्ष पुग्दैछ । यस संविधानले नयाँ शासन प्रणालीका मूलभूत सिद्धान्तहरूलाई अंगीकार गर्नुको साथै नेपाली जनताको जीवनस्तर माथि उठाउने गरी विभिन्न संरचनाको निर्माण, नीतिगत व्यवस्था र थुप्रै आधारहरू निर्माण गरेको छ । नेपालको संविधान २०७२ मा विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ । संविधानको धारा ५१ ( राज्यका नीतिहरू) अन्तर्गत वैज्ञानिक अनुसन्धान, आविष्कार र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उल्लेख छ । शिक्षा, स्वास्थ्य, सूचना, संचार र उद्योग क्षेत्रको विकासमा विज्ञान प्रविधि प्रयोग गर्ने प्रावधान संविधानले स्पष्ट रूपमा गरेको छ । नागरिकलाई सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गर्ने लक्ष्य संविधानमा राखिएको छ । संविधानले दिएको अधिकार, कर्तव्य र दायित्वलाई व्यवहारमा उतार्न प्रविधिले सहज र पारदर्शी वातावरण सिर्जना गर्छ । यसरी संविधानले नागरिकलाई आधारभूत अधिकार दिएको छ भने विज्ञान तथा प्रविधिले ती अधिकारलाई कार्यान्वयन गर्ने आधार तयार गरेको छ ।

संविधान कार्यान्वयनमा विज्ञान तथा प्रविधिको भूमिका महत्वपूर्ण रहेको छ । संविधानका मौलिक हकहरूको कार्यान्वयनमा विज्ञान तथा प्रविधि महत्वपूर्ण औजारको रुपमा रहेको छ । शिक्षा, स्वास्थ्य, सूचनाजस्ता आधारभूत विषयहरूमा मात्र होइन नागरिकका आर्थिक अधिकारदेखि सुशासन, विकास प्रक्रियाहरूमा सहभागिताका लागि पनि विज्ञान प्रविधिको पहुँच विस्तार हुन आवश्यक हुन्छ । सरकारी सेवाहरू अनलाइनमार्फत उपलब्ध गराउँदा नागरिकले विस्तारै पहुँच पाउन थालेका छन् । यसले सेवा प्रवाहमा सहजता आउनुको साथै समयको वचत, अनावश्यक खर्चमा कमी, भ्रष्टाचार, अनियमिततामा केही कमी आएको छ । सार्वजनिक सूचना प्रणाली क्रमशः छिटोछरितो र पारदर्शी भएको छ । स्थानीय सरकारदेखि संघीय तहसम्म सेवा प्रवाहलाई मोबाइल एप्समार्फत सजिलो बनाइँदै लगिएको छ । डिजिटल वित्तीय प्रणालीबाट बजेट विनियोजन, कर सङ्कलन र खर्च अनुगमन प्रविधिमार्फत सम्भव भएका छन् ।

नागरिकता, सम्पत्ति, सामाजिक सुरक्षा, मतदानलगायत प्रणालीहरू 'डिजिटलाइज' भएका छन् । नागरिक सुझाव, गुनासो र सिफारिसहरू अनलाइनबाटै सम्बोधन गर्न सकिने भएकाले सुशासनमा बल पुगेको छ । अनलाइन शिक्षा, डिजिटल पुस्तकालय, ई-लर्निङ प्लेटफर्ममार्फत नागरिकले आफ्नो शैक्षिक अधिकार उपयोग गर्न सक्छन् । टेलिमेडिसिन, ई-हेल्थ र आधुनिक प्रविधिबाट दुर्गम क्षेत्रसम्म स्वास्थ्य सेवा पुऱ्याउन सकिन्छ । ग्रामीण क्षेत्रसम्म स्वास्थ्य सेवा पुर्याउन टेलिमेडिसिन र स्वास्थ्य सूचना प्रणालीको विस्तार भइरहेको छ । ई-गभर्नेन्स, सरकारी पोर्टल, डिजिटल अभिलेखले पारदर्शिता र जवाफदेहिता बढाउँछ । पछिल्लो समय ई-शासन प्रणाली, नागरिक एपजस्ता डिजिटल प्लेटफर्महरूले विकास प्रक्रिया, सुशासनमा नागरिक सहभागिता बढेर गएको छ । यसै आधारमा सरकारले डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन गरी डिजिटल नेपालको अभियान अगाडि बढाइरहेको छ । प्रविधि-आधारित उद्योग, स्टार्टअप, फिनटेकले रोजगारी र उद्यमशीलता बढाउने काममा पनि विज्ञान प्रविधिको भूमिका रहेको छ ।

विज्ञान प्रविधिकै विकासका कारण निर्वाचनमा विद्युतीय मतदान (ई-भोटिङ)को अभ्यास सुरु भएको छ । ई-भोटिङको माध्यमबाट सुरक्षित डिजिटल मतदान प्रणाली लागू गर्दा मतदान अधिकारलाई अझै सहज र पारदर्शी बनाउन सकिन्छ । यसलाई केही सदसम्म अभ्यासमा ल्याइसकिएको पनि छ । आगामी दिनमा पनि यसलाई अझ प्रभावकारी रुपमा विस्तार गरी निर्वाचनलाई कम खर्चिलो, विश्वासिलो र अधिकतम् मतदाताको सहभागिता गराउन सकिन्छ । बायोमेट्रिक प्रणालीबाट मतदाता परिचय सुनिश्चित गर्न सम्भव भएको छ ।

विज्ञान प्रविधिमा आएको अर्को महत्वपूर्ण फड्को भनेको सामाजिक सञ्जालको विकास हो । अभिव्यक्ति स्वतन्त्रता र नागरिक आवाज उठाउन सशक्त साधनको रुपमा सोसल मिडिया निकै सशक्त देखिएको छः। इन्टरनेटको विकाससँगै परम्परागत मिडियालाई आज सामाजिक सञ्जालले पछाडि धकेलेको मात्र होइन, सबै पुस्ताका मानिसहरूको जीवनशैलीलाई नै नजिक बनाएको छ । सामाजिक सञ्जाल अधिकांश मानिससँग कति नजिक रहेछ भन्ने तथ्य अघिल्लो सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धको विरोधमा जेनजी पुस्ताको आक्रोशले मुलुकमा यति ठूलो परिवर्तन ल्याउन सफल भएको छ । सूचना प्रविधिको विकासले नै अन्तराष्ट्रिय जगतमा मुलुकको अवस्थालाई चित्रण गर्दछ ।

**चुनौती र सम्भावना**

मुलुकमा पटकपटक राजनीतिक परिवर्तनहरू भए पनि सरकारहरूको ध्यान अनुसन्धानमा आधारित र विकासतर्फ जान नसक्दा मुलुक धेरै पछाडि पर्न गएको हो । २०४६ सालमा हामीसँगै प्रजातन्त्र स्थापना भएका मुलुकहरूले यसबीचमा ठूलो फड्को मार्न सकेका उदाहरणहरू छन् । युवा र विद्यार्थीलाई अनुसन्धान, प्रयोग र आविष्कारतर्फ आकर्षित गरेर भविष्यमा वैज्ञानिक नेतृत्व तयार गर्ने अवसर प्रदान गर्न नसक्दा युवा जनशक्ति विदेश पलायन हुनुपर्ने वाध्यता रहेको छ । अझै पनि आम जनतासम्म सूचना प्रविधिको समान पहुँच नहुनु, पूर्वाधार अभाव, डिजिटल खाडल, साइबर सुरक्षाजस्ता समस्याहरूले विज्ञान प्रविधिका क्षेत्रमा फड्को मार्न सकिएको छैन । र मुलुकको समृद्धि र जनताको जीवनस्तर माथि उठाउन महत्वपूर्ण औजारको रुपमा संविधानले विज्ञान र प्रविधिको विकासका लागि थुप्रै अवसरका ढोकाहरू खुल्ला गरेको भएपनि तिनको कार्यान्वयन सही रुपमा हुन नसक्दा ठूलो युवा जनशक्ति विदेश पलायन, वेरोजगारी समस्या तथा विकास र उत्पादनलाई वैज्ञानिकीकरण गर्न नसक्दा मुलुकले समृद्धिको सिंढी राम्ररी चढ्न सकिरहेको छैन ।

यसो भन्दैमा केही भएन, केही गर्न सकिनन भनने पनि होइन, संविधानमा उल्लेखित लक्ष्यलाई प्रविधिमार्फत छिटो कार्यान्वयन गर्ने अवसर, युवालाई अनुसन्धान र नवप्रवर्तनमा संलग्न गराउने सम्भावना पनि हामीसँग छ । एकातिर स्वदेशमै अवसर सिर्जना गरी युवा पलाउनलाई रोक्ने र अर्कोतिर विदेशमा पढेलेखेर, अनुसन्धान गरेर नाम र दाम कमाएका व्यक्तित्वलाई आकर्षित गरी नयाँ सोचका साथ राष्ट्र निर्माणमा सहभागी गराउन सकिएमा मुलुकलाई समृद्ध बनाउन समय लाग्दैन । विज्ञान र प्रविधिलाई सदुपयोग गर्न सक्दा देशको औद्योगिक विकास हुन गई धेरैलाई रोजगार दिन सकिन्छ, युवा वर्गको उचित व्यवस्थापन हुन सक्छ र समुन्नत नेपाल बनाउने दिशामा अघि बढ्न सकिन्छ ।

हाम्रो देशको पारम्परिक पद्धति तथा प्रविधिलाई बढावा दिन र प्रविधिको अधिकतम प्रयोग गर्नेतर्फ देशले ध्यान दिनु जरुरी छ । देशको हावापानी सुहाउँदो, स्थानीय आवश्यकताबमोजिमको अनुसन्धान र प्रविधि विकास मुख्य कुरा हो । समाज सूचना र सञ्चार प्रविधिसँगै तीव्र रूपमा अगाडि बढिरहेको छ र सर्वसाधारणको पहुँचमा पनि पुगिरहेको अवस्थामा विकासको अग्रपथमा लम्किन त्यति धेरै समस्या पनि छैन । 'जेन जी' लाई उद्यमशील बनाएर नेपालमै रोजगारी सिर्जना गर्नु पर्नेछ, जेन वाई र जेन एक्सको भूमिकाले वातावरण बनाउने काम गर्दै जेन अल्फालाई विज्ञान प्रविधितिर लैजानु आजको मुख्य चुनौती हो । विज्ञान र प्रविधिलाई राष्ट्रको समृद्धि, समानता र अधिकार कार्यान्वयनको मूल साधनका रूपमा लिएर अघि बढ्न सकेमा केही वर्षभित्र हामी साँच्चिकै विकासशील राष्ट्रहरूको सूचीमा अगाडि रहन सक्छौं ।

# "निकै जतन गरी चलाएका सवारीसाधन खरानी भए"

**मधु शाही**
काठमाडौँ, १ असोज (रासस)।

आज विश्वकर्मा पूजा, सवारी चालकका लागि विशेष पर्वक रूपमा मानिन्छ। सिंहदरबारका सरकारी सवारी चालकहरू विगतका वर्षमा आजका दिन विश्वकर्मा पूजा गर्दै उत्साहका साथ यो पर्व मनाउँथे। यस वर्ष भने सिंहदरबारमा कुनै पूजाआरधना भएन। मात्रै जलेर खण्डहर भएका सवारीसाधन अलपत्र देखिए।

जलेर अस्थिपञ्जर भएका सवारीसाधनको पहिचान गर्दै कागजमा टाँसेर फलनाको सवारी भन्दै नामकरण गरिएको छ। फुटेका सवारीलाई भने प्लास्टिकले छोपेर सुरक्षित राखिएको छ।

सिंहदरबारभित्र जलेका सवारीसाधन देख्दा गृहमन्त्रालयका सवारी चालक राजाराम कोइरालाको मन अत्तालिन्छ। उहाँका अनुसार चालकका लागि सवारीसाधन मन्दिरजस्तै पवित्र हुन्छ। "आफूलाई चोट लागे खासै वास्ता हुँदैन तर, आफूले चलाउने सवारी खरानी हुँदा मन रुँदोरहेछ", उहाँ भन्नुहुन्छ, "विश्वकर्मा पूजा गरिरहने बस फुटेर देख्नै नहुने भएको छ। पूजा कसरी गर्ने ?"

जेनजी प्रदर्शनको दोस्रो दिन सिंहदरबारमा आगलागी भयो भनेको सुनेपछि सामाजिक सञ्जालममा गृहमन्त्रालयका सवारीसाधन दन्दन्ती जलेको देखेर सवारी चालक कोइरालालाई आफूले चलाएको सवारीसाधनको तस्बिर आँखाभरि घुमिरह्यो। के भयो, कसो भायो ? थाहा नभएको भन्दै उहाँ मनमा कौतुहलता मात्र मच्चिएको बताउनुहुन्छ।

"भोलिपल्ट बिहानै कर्फ्यु लागिरहेकै समयमा म सिंहदरबार पुगें, सवारीको अवस्था बुझ्न। मन्त्रालयको पार्किङमा पुग्दा थुप्रै गाडीहरू धन्किएका थिए। मैले कर्मचारी बोक्न चलाउने बस बने घाइते अवस्थामा थियो। सिसा फुटेर देख्न नसक्ने भएको रहेछ। तर, आगो लागेको थिएन। एउटा चालकका लागि सवारीसँगको सम्बन्ध नङ र मासुजस्तै घनिष्ठ हुन्छ। हाम्रा लागि सवारीसाधन मन्दिर हो भने, हामी उसका साधक हौं", चालक कोइराला भन्नुहुन्छ, "फुटेका सिसा फेरेर छिट्टै गुड्ने बनाउँछौं।"

विगतमा सिंहदरबारका सवारीचालकहरू मिलेर फूल, नरिवल, ध्वजा, धुप किनेर पूजाआरधना गर्थे। पूजा गर्ने र लड्डु खाएर उत्सव मनाउँथे। विश्वकर्मा पूजाको रौनकले सिंहदरबारका अरु कर्मचारीलाई पनि रमाइलो महसुस गराउँथ्यो। गृहमन्त्रालयका कर्मचारी केदार घिमिरेका अनुसार विश्वकर्मा पूजामा सिंहदबारका सबै सवारीसाधन सफा, चिटिक्क परेका हुन्थे। "अझ भनौं त्यो दिन सवारीसाधन बेहुलीजस्तै सजिएका हुन्थे", उहाँ विगत सम्झिँदै थप्नुहुन्छ, "अहिले देख्नै नसक्ने गरी जलेका छन्। दुःख लागेको छ।"

कानुन मन्त्रालयमा नौ वर्षदेखि सवारी चालकका रूपमा काम गर्दै आउनुभएका लीलाबहादुर बोगटी सवारीसाधन आफ्ना लागि जीवनकै महत्त्वपूर्ण पाटो रहेका बताउनुहुन्छ। उहाँका लागि सवारीसाधन रोजीरोटीको जोह गर्ने मुख्य आधार हो। सवारीसाधन र सवारी चालकबीच निकै संवेदनशील सम्बन्ध जोडिएको हुने उहाँको अनुभव छ।

हिँड्दाहिँड्दै, गुड्दागुड्दै साथ नदिएको बेला के गर्ने ? बोगटी प्रश्न गर्दै भन्नुहुन्छ आफूले चलाउने सवारीको निकै माया लाग्ने रहेछ। सहसचिवको सवारी चलाउने उहाँ भन्नुहुन्छ, "सवारीसाधन कहिल्यै फोहोर बनाइन र कोरिएकोसमेत थिएन। यति माया र जतन गरेको सवारी अहिले फुटेर देख्नै नहुने भएको छ। अहिले मेरो मन पनि त्यही चकनाचुर सिसाजस्तै चर्किएको छ। त्यो सवारीसाधन मेरो लागि साथीजस्तै थियो।"

सिंहदरबारभित्रका प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मन्त्रालय र विभिन्न निकायका गरी ७५० मोटरसाइकल तथा स्कुटरसहित अन्य ३५० सवारीसाधन जलेर नष्ट हुनुका साथै क्षतिग्रस्त भएका छन्।

यसैबीच, गृहमन्त्रालयले देशभर सवारीसाधन र कार्यालयमा भएका क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने कार्य सुरु गरेको मन्त्रालयका सहसूचना अधिकारी एवं उपसचिव रवीन्द्र आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार गृहमन्त्रालयमा अधिकांश सवारीसाधन जलेर नष्ट भएका छन्।

# नेपाली केराले नै दसैं, तिहार र छठ धान्ने, आयात नगर्न अनुरोध

काठमाडौं, १ असोज (रासस)।

केरा व्यवसायीहरूले अहिले नेपालमा उत्पादित केराले दसैं, तिहार र छठ धान्ने भएकाले आयात नगर्न सार्वजनिक अपिल गरेका छन्।

नेपाल केरा उत्पादक महासङ्घ काठमाडौँका केन्द्रीय अध्यक्ष विष्णुहरि पन्तले अहिले नेपालमा केरा उत्पादन उत्साहजक रहेको र चाडपर्वलाई नेपाली उत्पादनले पर्याप्त धान्ने भएकाले आयात नगर्न देशभरका सबै फलफूल तथा तरकारी थोक व्यवसायी सङ्घलाई अनुरोध गरिएको बताउनुभयो।

महासङ्घले नेपालभरिकै फलफूल तथा तरकारी थोक व्यावसायी सङ्घलाई सम्बोधन गर्दै केरा आयात नगर्न पत्राचार नै गरेको उहाँले बताउनुभयो। महासङ्घले गरेको अनुरोधपत्रमा हाल नेपालमा उत्साहजनक रूपमा केरा उत्पादन भइरहेको र विद्यमान अवस्थामा नेपालको उत्पादनले नै नेपाली केरा बजारको मागले दसैं, तिहार र छठसम्मै थेग्न सक्ने अवस्था रहँदारहँदै पनि नेपाली बजारमा विदेशी केरा निर्बाध रूपमा आयात भइरहेको उल्लेख गरेको छ।

यसरी केरा आयात हुँदा नेपाली अर्थतन्त्र, वैदेशिक व्यापार घाटा, रोजगारमा प्रत्यक्ष रूपमा असर पार्नुका साथै नेपाली व्यावसायिक केरा उत्पादक किसान विस्थापित हुनसक्नेसम्म खतरा बढ्नुका साथै सबै जिल्लाका किसान आक्रोशित भई आन्दोलनमा जानसक्ने खतरा बढेको अध्यक्ष पन्तले जारी गर्नुभएको अनुरोधपत्रमा उल्लेख छ।

अनुरोधपत्रमा भनिएको छ, "समयमै हामी सबै सङ्घसंस्था र व्यापारीले देशको विषम परिस्थितिलाई समेत मध्यनजर गर्दै यहाँले सम्बन्धित व्यापारीसँग समन्वय तथा छलफल गरी यही असोज ६ गतेभन्दा पछाडि कुनै पनि व्यापारीलाई भारतबाट केरा आयात नगर्न वा नगराउन अनुरोध गर्दछौं। यदि व्यापारीले बलजफ्ती आयात गरेमा नेपाली किसान वा समर्थकले पुर्‍याउन सक्ने क्षतिको जवाफदेही पनि यो महासङ्घ नहुने जानकारी तथा अनुरोध गर्दछौं।"

उक्त विषयमा केरा उत्पादक किसानका आठवटा समिति तथा प्रतिनिधिले संयुक्त रूपमा सूचना जारी गरेका छन्।

चितवनस्थित केरा उत्पादक सङ्घका अध्यक्ष घननाथ महतो, कैलालीका अध्यक्ष दीपेन्द्र थारू, कञ्चनपुरका अध्यक्ष सुरेन्द्र चौधरी, बर्दियाका अध्यक्ष टोपलाल थारू, नवलपरासीका अध्यक्ष लक्खु विक, चितवनका पूर्वअध्यक्ष यज्ञप्रसाद सुवेदी, कैलालीका उपाध्यक्ष टेकेन्द्र धामी र केरा जोन समन्वय समिति नवलपरासीका संयोजक युवराज मौर्यसहित हस्ताक्षरित विज्ञप्तिमा केरा आयातमा रोक लगाउनसमेत माग गरिएको छ।

# दुई महिनामा सरकारको बजेट खर्च नौ प्रतिशत

काठमाडौं, १ असोज (रासस)।

चालु आर्थिक वर्ष २०८२/८३ को भदौ मसान्तसम्ममा सरकारको बजेट खर्च नौ दशमलव १७ प्रतिशत देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवको सुरुआती दुई महिनामा चालुतर्फ नौ दशमलव ६७, पुँजीगततर्फ एक दशमलव ५६ र वित्तीय व्यवस्थातर्फ १५ दशमलव ८९ प्रतिशत बजेट खर्च भएको छ। यस वर्ष कूल १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याइएकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ८० अर्ब १७ करोड चार लाख खर्च भएको छ। चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा हालसम्म रु एक खर्ब १४ अर्ब १८ करोड ७२ लाख बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकोमा रु छ अर्ब ३५ करोड ३३ लाख खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबरको वार्षिक विनियोजन रहेकोमा भदौ मसान्तसम्ममा रु ५९ अर्ब ६२ करोड ९९ लाख खर्च भएको छ।

यही अवधिमा सरकारले वार्षिक लक्ष्यको १० दशमलव ४३ प्रतिशत राजस्व सङ्कलन गरेको छ। चालु आवका लागि कूल रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म रु एक खर्ब ५९ अर्ब ९८ करोड ५३ लाख असुली भएको हो।

कर राजस्वतर्फ रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख उठाउने वार्षिक लक्ष्य रहेकोमा ११ दशमलव ३५ प्रतिशतअर्थात् रु एक खर्ब ५० अर्ब ४० करोड १३ लाख कर असुली भएको छ। त्यस्तै, गैरकरतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख असुली गर्ने वार्षिक लक्ष्य रहेकोमा चार दशमलव ६२ प्रतिशतअर्थात् रु सात अर्ब १३ करोड २१ लाख उठेको छ।

त्यस्तै, चालु आर्थिक वर्षका लागि रु ५३ अर्ब ४४ करोड ६९ लाख बराबर वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकोमा हालसम्म दुई दशमलव ३८ प्रतिशतअर्थात् रु एक अर्ब २७ करोड ३७ लाख अनुदान उठेको छ।

# मन्त्री घिसिङद्वारा जलेका सवारीसाधन व्यवस्थापन गर्न निर्देशन

काठमाडौँ, १ असोज (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक योजना तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले जेनजी प्रदर्शनका क्रममा सिंहदरबार परिसरमा जलाइएका सवारीसाधनलाई अन्यत्र लगी व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ।

जलेका सवारीसाधनका कारण सिंहदरबार परिसर कुरुप देखिएकाले तिनलाई त्यहाँबाट हटाएर अन्यत्र लगी व्यवस्थापन गर्न उहाँले बुधबार निर्देशन दिनुभएको मन्त्री घिसिङको सचिवालयले जनाएको छ।

"कार्यालयलाई थोत्रो देखाएर राख्नुभएन, भित्री भागमा काम गर्दै गरौँला तर बाहिरी भागलाई कुरुप हुन दिनुभएन, यथासक्य छिटो राम्रो बनाऔँ। क्षति पुगेका सवारीसाधन यत्रतत्र छरिएर सिंहदरबार परिसर कुरुप देखिएको छ, अब सकारात्मक

बाँकी अन्तिम पृष्ठमा

# विश्व समाचार

## गाजाबाट करिब ४८ हजार मानिस विस्थापित : संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्, १ असोज (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालय (ओसीएचए) का अनुसार गाजा शहरमा हालैका दिनमा भएसँगैको स्थल कारवाहीका कारण करिब ४८ हजार प्यालेस्टिनी नागरिकहरूले दक्षिणतर्फ सरेका छन्। उक्त कार्यालयले जनाएअनुसार, अगस्त महिनाको मध्यदेखि हालसम्म करिब एक लाख ९० हजारभन्दा बढी व्यक्तिहरूले गाजा सहर छोडिसकेका छन्। धेरै विस्थापितहरू अत्यधिक गर्मीका बाबजुद, पैदलै यात्रा गर्न बाध्य छन्। "विस्थापित परिवारहरू विशेषगरी महिला र वृद्ध सदस्यको नेतृत्वमा नाङ्गो खुट्टा, घाइते बालबालिका र भारी बोक्दै, घण्टौंसम्म हिँडिरहेका छन्।"

संयुक्त राष्ट्रका साझेदार संस्थाहरूले करिब एक हजार ५०० भन्दा बढी व्यक्तिहरूलाई, जसमा ९०० भन्दा बढी बालबालिका छन्, मानसिक सहायता, खानेपानी तथा औषधोपचार प्रदान गरिसकेका छन्। स्वास्थ्य सेवा प्रदायक संस्थाहरूका अनुसार गाजाका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा अत्यधिक चाप छ। यसै साता गाजा शहरको अल-कुद्स अस्पताल नजिकैको आक्रमणका कारण अस्पतालमा क्षति पुगेको छ र हाल उक्त स्थानमा विस्थापितहरू आश्रय लिइरहेका छन्। यसबाहेक, संयुक्त राष्ट्रसङ्घद्वारा सञ्चालित ६ स्वास्थ्य केन्द्रमध्ये केवल ३ वटा मात्र सञ्चालनमा रहेका छन्।

जिकीम सीमा नाका विगत चार दिनदेखि बन्द रहेको तथा भीड र लुटपाटका कारण इन्धन र औषधिसम्बन्धी आपतकालीन सेवाहरू अवरुद्ध भएको ओसीएचएले जनाएको छ। सहायता बोकेका सवारी साधनहरू ढिलो हुने, जोखिम सामना गर्नुपर्ने र बाटोमै अड्किने समस्याले सहायता अत्यन्त आवश्यक रहेका व्यक्तिहरूसम्म पुग्न गाह्रो भएको छ। "यी सबै चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि, संयुक्त राष्ट्रसङ्घ र यसका मानवीय साझेदारहरूले गाजा क्षेत्रमा अत्यावश्यक सेवा प्रदान गर्न निरन्तर प्रयासरत छन्," ओसीएचएले उल्लेख गरेको छ।

## अफगान बालबालिकाको अवस्था दयनीय, सहयोग अत्यावश्यक : युनिसेफ

काबुल, १ असोज (रासस/एएनआई)।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले अफगानिस्तानका बालबालिका निरन्तर सङ्कटमा फसेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेको छ। युनिसेफका अनुसार, शिक्षा, स्वास्थ्य सेवा, सफा खानेपानी र बाल संरक्षणजस्ता आधारभूत सेवाहरू अब उनीहरूका लागि जीवनरक्षक बनेका छन्। विगतका दशकदेखि द्वन्द्व, गरिबी र सामाजिक प्रतिबन्धहरूले बालबालिकाको अधिकार र भविष्यमा गम्भीर असर पारेको बताइएको छ। अफगान बालबालिकाहरू अहिले पनि भोक, रोग र असुरक्षाको चपेटामा परिरहेका छन्। यस्तो अवस्थामा जापानको सहयोगले केही आवश्यक सेवा पुर्‍याउन मद्दत पुगेको युनिसेफले जनाएको छ।

यसैबीच, पाकिस्तानबाट हालै जबरजस्ती फर्काइएका अफगान शरणार्थीहरूले पनि गम्भीर कठिनाइ भोगिरहेका छन्। उनीहरू खाद्यान्न, आवास र आधारभूत राहतको अभावमा रहेका छन्। "हामीलाई बस्नका लागि जमिन चाहिएको छ, बच्चाहरू भोकै छन्। जाडो आउँदैछ, हामीलाई सहयोग आवश्यक छ," एक शरणार्थी बिबी शम्सले भन्नुभयो। संयुक्त राष्ट्रसङ्घीय शरणार्थी आयोग (यूएनएचसीआर) का अनुसार, सेप्टेम्बरको पहिलो सातामा मात्रै करिब एक लाख अफगान नागरिक पाकिस्तानबाट देशनिकाला भएका छन्। युनिसेफले अन्तर्राष्ट्रिय समुदायलाई बालबालिकाको भविष्य जोगाउन तत्काल कदम चाल्न आह्वान गरेको छ।

## माल्दिभ्सको संसद्‌मा मिडिया नियमन विधेयक पारित, प्रेस स्वतन्त्रतामा गम्भीर चिन्ता

माले, १ असोज (रासस/एएफपी)।

माल्दिभ्सको संसदले प्रेस स्वतन्त्रतामा ठूलो असर पार्ने आशङ्का बीच पत्रकार र मिडिया संस्थाहरूलाई नियमन गर्ने नयाँ कानून पारित गरेको छ। मङ्गलबार राति अनुमोदित मिडिया र प्रसारण नियमन विधेयकलाई स्थानीय तथा अन्तर्राष्ट्रिय अधिकार समूहहरूले स्वतन्त्र प्रेसमाथिको आक्रमणका रूपमा चित्रण गरेका छन्। नयाँ कानूनअन्तर्गत अनुसन्धानका क्रममा मिडिया आउटलेट निलम्बन गर्ने, वेबसाइट बन्द गर्ने र सात सदस्यीय नियामक आयोग गठन गर्ने व्यवस्था गरिएको छ। आयोगलाई व्यापक अधिकार दिइनेछ। आयोगका तीन सदस्य संसद्द्वारा र चार मिडिया क्षेत्रबाट चयन हुने भए पनि संसदले उनीहरूलाई बर्खास्त गर्न सक्नेछ।

राष्ट्रपति मोहम्मद मुइजुले अनुमोदन गरेलगत्तै कानून लागू हुनेछ। "स्थानीय र अन्तर्राष्ट्रिय २० भन्दा बढी संस्थाको आग्रहलाई बेवास्ता गर्दै विधेयक पारित गरिएको हो", निजी दैनिक मिहारुले भनेको छ। पेरिसस्थित रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) सहितका अधिकार समूहहरूले विधेयकले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई ठूलो खतरा पुऱ्याउने भन्दै तत्काल खारेजीको माग गरेका छन्। आरएसएफले विशेषगरी 'फुटो हुनसक्ने' जानकारी प्रकाशन गर्न निषेध गर्ने अस्पष्ट प्रावधानलाई सेन्सरसिपको माध्यम बन्नसक्ने चेतावनी दिएको छ।

नयाँ आयोगले पत्रकारलाई २५ हजार रुफिया (एक हजार छ सय २५ डलर) र मिडिया आउटलेटलाई एक लाख रुफिया (छ हजार पाँच सय डलर) सम्म जरिवाना गर्न सक्नेछ। साथै, मिडिया इजाजतपत्र रद्द गर्ने, सम्पादकीय कार्यालयमाथि कारबाही गर्ने र नियम लागू हुनुभन्दा एक वर्षअघिका सामग्रीलाई समेत पूर्वव्यापी रूपमा स्वीकृत गर्ने अधिकार पाउनेछ। विदेश मन्त्रालयले भने यो कानूनको उद्देश्य मिडियामा जनताको विश्वास बढाउने र गलत सूचना तथा सामग्री हेरफेर रोक्ने रहेको स्पष्ट पारेको छ। तर मन्त्रालयका अनुसार यो नियम सामाजिक सञ्जाल खाताहरूमा लागू हुनेछैन। आरएसएफको विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा माल्दिभ्स १८० मध्ये १०४ औं स्थानमा छ। यो नजिकका छिमेकी श्रीलङ्का (१३९) र भारत (१५१) भन्दा माथि हो।

# मधेस प्रदेशसभामा ४० करोड बराबरको क्षति : सभामुख मण्डल

धनुषा, १ असोज (रासस)। जेनजीको आन्दोलन र प्रदर्शनको क्रममा जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित रहेको मधेस प्रदेशसभा र सचिवालयमा रु ४० करोड मूल्य बराबरको भौतिक सामग्री क्षति भएको छ।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलका अनुसार प्रदेशसभाका सातै दलका संसदीय दलका कार्यालय, दलका सभापतिहरूका कार्यकक्ष, सभामुखको कार्यकक्षदेखि लिएर सचिवालयका अधिकांश शाखामा तोडफोड र आगजनी गरी पूर्ण रुपमा क्षति पुऱ्याएको राससलाई जानकारी दिनुभयो।

त्यस्तै प्रदर्शनकारीहरूले कार्यालय क्षेत्र मात्र नभई गाडी र व्यक्तिगत सम्पत्तिमा समेत आक्रमण गरेको उहाँले भन्नुभयो। तोडफोडमा प्रदेशसभा सचिवालयको हायसगाडीमा आगजनी गरेर ध्वस्त बनाएको छभने सभामुख मण्डलको निजी गाडीको सिसा तोडफोड गरेर क्षतिग्रस्त बनाएको बताएको छ।

कार्यालयभित्र भएका फर्निचर, कम्प्युटर, ल्यापटप, इटरनेट, टेलिभिजन र पङ्खालगायतका भौतिक सामग्री लुटपाट गर्नुका साथै जलाएर पूर्ण क्षतिग्रस्त बनाएको उहाँले जानकारी दिनुभयो। साथै सभामुख मण्डलले आफ्नो निवासमा पनि आन्दोलनकारीहरूले तोडफोड गर्नुका साथै तीन तोला सुनको गहना लुटेर लगेको जानकारी दिँदै यो एकदम गम्भीर एवं दुःखद् विषय भएको बताउनुभयो।

त्यस्तै प्रदेशसभाभित्र रहेको मिडिया सेन्टरका कम्प्युटर र टेलिभिजन समेत लुटपाट भएको सचिवालयले जनाएको छ। यसैबीच मधेस प्रदेशसभाबाट आन्दोलनको नाममा लुटपाट गरी लगिएको कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, टेलिभिजन, क्यामरा, मनिटर, माइक, स्पिकर, फोटोकपी मेसिन, एसीलगायत विद्युतीय उपकरणका साथै भौतिक सामग्रीलगायतका सामान फिर्ता गर्न अनुरोध गरिएको छ। मधेस प्रदेशका सचिव वासुप्रसाद कोइरालाद्वारा लिखित सूचनामा उपरोक्त विद्युतीय सामग्री फिर्ता पठाउन अनुरोध गरिएको छ।

# 'जेनजी' आन्दोलनले ऐतिहासिक महत्वका तीन दरबारमा पूर्ण क्षति

काठमाडौँ, १ असोज (रासस)। यही भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनका क्रममा ऐतिहासिक महत्वका तीन दरबार आगलागीले पूर्ण क्षति भएको छ।

एक सय वर्षभन्दा पुराना तीन दरबार शीतल निवास, सिंहदरबार र बबरमहल (सडक विभाग बसेको भवन) प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार सम्पदास्थल भए पनि आन्दोलनका क्रममा जलेको छन्।

पुरातत्व विभागका प्रवक्ता रामबहादुर कुँवरले केही अभियानकर्मीले पुरातत्व विभागअघि सम्पदा क्षेत्रमा केही नगरौँ भनी बसेकाले जोगिए पनि यी तीन सम्पदा क्षतिग्रस्त भए। यीबाहेक धार्मिक एवं सांस्कृतिक सम्पदामा भने कुनै क्षति नभएको उहाँले सुनाउनुभयो।

आन्दोलनकारीले पशुपति क्षेत्र विकास कोषको भौतिक सम्पत्तिमा भने धेरै क्षति गरेका छन्। कोषका १७ वटा दुई पाङ्ग्रे र २१ वटा चार पाङ्ग्रे सवारीसाधनमा पूर्ण क्षति भएको विवरण प्राप्त भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सूचना अधिकारी गोकर्णप्रसाद उपाध्यायले जानकारी दिनुभयो।

पुरातत्व विभागका दुई वटा चार पाङ्ग्रे सवारीसाधनमा पूर्ण क्षति भएको छ। यसैगरी मन्त्रालयका दुई पाङ्ग्रे दुई र चार पाङ्ग्रे तीन वटा सवारीसाधनमा पूर्ण तथा दुई वटा दुई पाङ्ग्रे र सात वटा चार पाङ्ग्रे सवारीसाधनमा आंशिक क्षति भएको उपाध्यायले बताउनुभयो।

नेपाल नागरिक उड्डयन प्राधिकरणको १६ वटा चार पाङ्ग्रे सवारीसाधनमा पूर्ण क्षति पुगेको छ। यसैगरी तीन वटा चार पाङ्ग्रे सवारीसाधनमा आंशिक क्षति पुगेको मन्त्रालयले तयार पारेको क्षति विवरणमा उल्लेख छ।

यस्तै, नेपाल वायुसेवा निगमको एउटा दुई पाङ्ग्रे र छ वटा चार पाङ्ग्रेमा पूर्ण र १६ वटा चार पाङ्ग्रे सवारीसाधनमा आंशिक क्षति पुगेको छ। राष्ट्रिय अभिलेखालयको एउटा चार पाङ्ग्रे सवारीमा आंशिक क्षति भएको छ।

# वीरगञ्ज महानगरमा एक अर्बभन्दा बढीको क्षति

बिरगन्ज, १ असोज (रासस)। जेनजी आन्दोलनको क्रममा भएको तोडफोड र आगजनीले वीरगञ्ज महानगरको करिब रु एक अर्ब १५ करोड बराबरको क्षति भएको दाबी गरिएको छ।

वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट महानगरको मुख्य भवनसहित विभिन्न संरचना र सवारीसाधन जलेर नष्ट हुँदा रु एक अर्ब १५ करोड मूल्य बराबरको क्षति भएको छ।

महानगरका वडा कार्यालयहरू र स्वास्थ्य संस्थामा भएको क्षतिको विवरण अझै सङ्कलन भइरहेको छ। सबै क्षतिको विवरण सङ्कलन गर्दासम्म रु एक अर्ब ५० करोड बराबरको पुग्ने अनुमान छ। महानगरका अनुसार महानगर कार्यालयपरिसरभित्र तीन वटा भवन पूर्ण क्षति भएका छन्भने अन्य तीन भवनमा क्षति भएको छ। त्यस्तै १७ वटा चार पाङ्ग्रे र नौ वटा दुई पाङ्गे र दुई वटा रिक्सासमेत क्षति भएको छ।

वीरगञ्ज महानगरको नगर परिषद्को मंगलबार बसेको बैठकले हालैको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त भएकाहरूको सम्झनामा शोक प्रस्ताव पारित गरेको गरेको छ। बैठकले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ।

त्यसैगरी नगर परिषद् बैठकले आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको बजेटलाई संशोधन गर्ने र त्यसलाई संरचना पुनर्निर्माणमा प्राथमिकता दिने निर्णय गरेको छ। सो सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गर्न केही दिनमै विशेष अधिवेशन बोलाइने तयारी भएको छ। आगलागीबाट कार्यालय कागजात, फर्निचर, कम्प्युटरलगायतका सामग्री जलेर खरानी भएका थिए। प्रहरी प्रशासनले तोडफोडमा संलग्न व्यक्तिहरूको पहिचान गर्न सिसीटिभी फुटेज र प्रत्यक्षदर्शीका बयान सङ्कलन गरिरहेको जनाएको छ।

बैठकले हालैको आन्दोलन वास्तविक जेनजीका प्रदर्शनकारीद्वारा नभई बाह्य घुसपैठमार्फत तोडफोड र आगजनी गराइएको ठहरसमेत गरेको छ। प्रमुख प्रशासकीय अधिकृत कर्णका अनुसार जेनजी युवाहरूको नाममा भएको आन्दोलनमा घुसपैठमार्फत आपराधिक गतिविधि भएको प्रमाण फेला परेको छ।

घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी आवश्यक कानूनी कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयसँग पत्राचार गर्ने निर्णय नगर परिषद्ले गरेको प्रमुख प्रशासकीय अधिकृत कर्णले बताउनुभयो। नगर परिषद्को बैठकले हालको असामान्य परिस्थितिमा वीरगञ्जलाई फेरि सञ्चालन र जनताको सेवामा अविच्छिन्न रूपमा लागिरहने प्रतिबद्धता प्रकट गरेको छ।

# कर तिर्ने समय एक महिना थप

काठमाडौँ, १ असोज (रासस)। सरकारले कर तिर्ने समय एक महिना थप गरेको छ। कानुनअनुसार यही भदौ २५ गतेभित्र बुझाइसक्नुपर्ने गत साउन महिनाको कर तिर्नका लागि एक महिनाको समय थप गरिएको आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले जानकारी दिनुभयो। "कर तिर्ने समय एक महिना थप्ने निर्णय भइसकेको छ। छिट्टै राजपत्रमा सूचना प्रकाशित हुन्छ", उहाँले भन्नुभयो।

मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्कलगायत कर हरेक महिनाको २५ गतेभित्र सम्बन्धित कर कार्यालयमा बुझाउनुपर्ने कानुनी व्यवस्था छएकर्। यसपटक विषम परिस्थितिका कारण कर तिर्ने समय थपिएको जनाइएको छ।

जेनजी आन्दोलन र पछिल्लो राजनीतिक घटनाक्रमबाट उद्योगी व्यवसायीहरूले तोकिएको समयमा कर तिर्न नपाएको भन्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई आग्रह गरेका थिए।

मंगलबार दिउँसो निजी क्षेत्रसँगको भेटका क्रममा अर्थमन्त्री खनालले कर तिर्ने समय एक महिना थप गर्ने आश्वासन दिनुभएको थियो। यस्तै, सार्वजनिक तथा निजी क्षेत्रमा पुगेको क्षतिको पुनर्निर्माणका लागि कोष खडा गरिने पनि अर्थमन्त्री खनालले बताउनुभएको थियो।

# कक्षा १२ को मौका परीक्षा असोज ७ र ८ गतेदेखि

भक्तपुर, १ असोज (रासस)। राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक परीक्षा असोज ७ र ८ गते सञ्चालन गर्ने भएको छ। यसअघि भदौ २८ र २९ गते सञ्चालन गर्नेगरी तालिका सार्वजनिक गरे पनि देशको वर्तमान अवस्थाका कारण परीक्षा तालिका संशोधन गरी बोर्डले नयाँ तालिका सार्वजनिक गरेको हो।

बोर्डले असोज ७ गते अनिवार्य अङ्ग्रेजी (००४१), एक विषयको मात्र परीक्षा दिने परीक्षार्थीका लागि सबै विषय र दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय अर्थात् अनिवार्य अङ्ग्रेजी र अनिवार्य नेपाली दुवै विषयका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अङ्ग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) को परीक्षा दिनुपर्ने तालिका सार्वजनिक गरेको छ।

त्यसैगरी, असोज ८ दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा सञ्चालन हुनेछ। त्यस दिन अनिवार्य अङ्ग्रेजी (००४१) विषयको परीक्षा भने सञ्चालन हुने बोर्डले जनाएको छ। बोर्डले यसअघि नै परीक्षा केन्द्र निर्धारण गरिसकेको जनाएको छ।

# ढुङ्गा खसेर लाग्दा बसमा सवार यात्रुको मृत्यु

चितवन, १ असोज (रासस)। नारायणगढ-मुग्लिन सडकखण्डमा बसमा ढुङ्गा खसेर लाग्दा एक जना यात्रुको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार तनहुँबाट नारायणगढतर्फ गइरहेको ग२ख १८३६ नम्बरको बसमा मङ्गलबार साँझ ७:०० बजे इच्छाकामना गाउँपालिका-६ नाम्सीखोला पुलमा सडकमाथिबाट ढुङ्गा खसेर लाग्दा बसमा सवार लमजुङको घलेगाउँकी ४६ वर्षीय ऐश्वर्या कामी गम्भीर घाइते हुनुभएको थियो। घाइते कामीको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा मृत्यु भएको हो।

बस र चालक तनहुँ म्याग्दे गाउँपालिका-२ का ३५ वर्षीय तेजकुमार शाहीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको सूचना अधिकारी खनालले बताउनुभयो।

### *मन्त्री घिसिङद्वारा ...*

सन्देश दिन पनि तिनीहरूलाई तत्काल हटाएर व्यवस्थापन गरौँ।" मन्त्री घिसिङले भन्नुभएको छ।

उहाँले विनासबाट हामी उठ्यौँ भन्ने सन्देश दिन सामान्य अगलागी मात्र भएका भवनका बाहिर भागमा रङरोगन गर्ने, मन्त्रालय तथा कार्यालय परिसरमा आगलागीबाट क्षति भएका सवारीसाधन तुरुन्त हटाउने र क्षतिको मूल्याङ्कन तत्काल गर्ने काममा जुट्न निर्देशन दिनुभयो।

मन्त्री घिसिङले 'हाम्रा संरचना हामी आफैं बनाऔं' अभियानमार्फत सरकार, स्वदेश तथा विदेशमा रहेका नेपालीबाट सहयोग सङ्कलन गरी पुनर्निर्माण सुरु गरिने स्पष्ट गर्नुभयो।

सहरी विकास मन्त्रालयले मातहतका संरचनमा पुगेको क्षति यकिन गर्न कार्यदल गठन गरी काम सुरु गरिसकेको जनाएको छ।

### *सिरहामा क्षति ...*

पूर्ण रूपमा जलेका छन् भने तीन सञ्चार सेटहरूमा पनि क्षति पुगेको छ। यसक्रममा नौ जना प्रहरी सामान्य घाइते भएका थिए।

पुनःस्थापित युनिटहरूमा प्रहरी टोली पुगेसँगै स्थानीय जनप्रतिनिधि र नागरिकहरूले फूलमालासहित स्वागत गरेका छन्। सुरक्षाको अनुभूति र जनसहभागिता दुवै पुनः स्थापना भएसँगै प्रशासनलाई उत्साहित बनाएको छ। प्रहरी नायब उपरीक्षक पासवानले भने, "प्रहरी युनिटहरूलाई सशक्त र जनमैत्री बनाउँदै लैजाने हाम्रो लक्ष्य हो। स्थानीय तह र समुदायको साथमा हामी शान्ति, सुरक्षाको वातावरण मजबुत बनाउँदैछौँ।"

### *देखिएन विश्वकर्मा ...*

समितिद्वारा ठाउँ ठाउँमा साँस्कृतिक कार्यक्रमको भव्य आयोजना पनि गरिन्थ्यो। बढी सवारी साधन भएका कतिपय सरकारी कार्यालयमा समेत विश्वकर्मा पूजा धुमधामका साथ मनाइने गरिन्थ्यो।

जेनजी आन्दोलनका क्रममा भएको अकल्पनीय क्षतीको प्रभाव चाड पर्वमा मात्र नपरी व्यापार व्यवसायमा समेत परको छ। विश्वकर्मा पुजामा प्रसादका रुपमा प्रयोग गरिने बुनिया, लड्डु तथा अन्य पुजा समाग्री बिक्री गर्ने पसलमा पनि विगत वर्षको तुलनामा यसपटक आउने ग्राहकको संख्या निकै घटेको मिष्ठान पसलका संचालकहरुले बताएका छन्।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*